राष्ट्रिय दैनिक

# समाचार दैनिक


जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक १४ २०८३ साउन १७ गते आईतवार (2 Aust 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## बालेनको सम्बोधन करोडौंले हेरे




दैनिक समाचारदाता
काठमाडौं, १६ साउन । सुनसरीको देवानगञ्ज गाउँपालिकास्थित कप्तानगञ्जमा भएको झडपपछिको अवस्थाले मधेशका विभिन्न जिल्लामा देखिएको अशान्तिबीच प्रधानमन्त्री बालेन शाहले गत बिहीबार (१४ साउन) राष्ट्रका नाममा सम्बोधन गरे ।

बिहीबार साँझ प्रधानमन्त्री शाहले आफूले चलाउने विभिन्न सामाजिक सञ्जालमार्फत राष्ट्रका नाममा सम्बोधन गरेका थिए । फेसबुक, टिकटक र इन्स्टाग्राममार्फत उनले एकैपटक आफ्नो सम्बोधनको भिडियो सन्देश जारी गरेका थिए ।

४ मिनेट २९ सेकेन्डको उक्त भिडियो उनले सञ्जालमार्फत अपलोड गरेयता क्रमशः तराई(मधेशको अवस्था तनावमुक्त बन्दै गएको छ ।

काठमाडौं महानगरपालिकाको मेयर बन्नुअघिदेखि नै सामाजिक सञ्जालमा प्रधानमन्त्री बालेनको क्रेज अहिले पनि उस्तै छ । प्रायजसोः आफूले भन्नुपर्ने कुराहरू उनी सञ्जालमै पोष्ट गर्छन । सार्वजनिक कार्यक्रममा उति नदेखिने र सञ्जालबाटै आफ्नो कुरा प्रवाह गर्ने उनको यो शैली हो ।

यसैबीच पहिलोपटक राष्ट्रका नाममा उनले गरेको यो सम्बोधनको सामाजिक सञ्जालमा भ्युअर्स हेर्ने हो भने पनि लोभलाग्दो देखिन्छ ।

४७ लाख फेसबुक फलोअर्स भएको फेसबुक पेजमा उनको यो भिडियो समाचार तयार पार्दासम्म ९४ लाख मान्छेले हेरेको देखिन्छ ।

त्यस्तै, उनले इन्स्टाग्राममा अपलोड गरेको भिडियो शनिबार दिउँसोसम्म १ करोड १४ लाख मान्छेले हेरिसकेका छन् भने टिकटकमा ६२ लाखले हेरेको देखिन्छ । बालेनको भेरिफाइड इन्स्टाग्राम पेजमा २४ लाख फलोअर्स छन् भने ८ लाख ६० हजार फलोअर्स छन् ।

## ग्यास अभावले जनजीवन प्रभावित

दैनिक समाचारदाता
सप्तरी, १६ साउन । सप्तरीमा एक सातादेखि एलपी ग्यासको अभाव हुँदा सर्वसाधारणको दैनिक जनजीवन प्रभावित भएको छ। पछिल्ला पाँच दिनदेखि जारी सवारी बन्दका कारण जिल्लामा ग्यास आपूर्ति हुन नसक्दा धेरै घरमा खाना पकाउनसमेत समस्या भएको छ।

स्थानीय सकिना खातुनले ग्यास सकिएको तीन दिन बितिसकेको र दाउरा वा अन्य वैकल्पिक इन्धनसमेत नभएकाले खाना पकाउन नसकिएको बताइन्। “खाना पकाउने कुनै उपाय छैन, भोकै बस्नुपर्ने अवस्था आएको छ,” उनले भनिन्।

डब्लुएचआरडी सप्तरीकी जिल्ला अध्यक्ष अनिता देवकोटाका अनुसार यसअघि नै आधा सिलिन्डर ग्यासका भरमा गुजारा चलाइरहेका उपभोक्ता पछिल्लो एक सातादेखि नयाँ आपूर्ति नहुँदा थप समस्यामा परेका छन्। दैनिक ज्यालामजदुरी गरेर जीविकोपार्जन गर्ने परिवारलाई ग्यास अभावले थप मार परेको उनको भनाइ छ।

राजविराज-२ का रामनारायण विश्वासले नजिकैको विराटनगरबाट समेत ग्यास आपूर्तिको सहजीकरण हुन नसक्दा सर्वसाधारणले छाक टार्नसमेत कठिनाइ भोग्नुपरेको बताए।

यता जिल्ला प्रशासन कार्यालयले भने ग्यास आपूर्ति सहज बनाउन पहल भइरहेको जनाएको छ। प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण अधिकारीका अनुसार उद्योग वाणिज्य क्षेत्रसँग समन्वय गरी स्कर्टिङमार्फत ग्यास जिल्ला भित्र्याउने तयारी गरिएको छ र शनिबार बेलुकासम्म ग्यास आइपुग्ने अपेक्षा गरिएको छ।

प्रमुख जिल्ला अधिकारी अधिकारीले ग्यासको कृत्रिम अभाव सिर्जना गरी कालोबजारी गरिएको आशंकामा विभिन्न स्थानमा अनुगमनसमेत तीव्र पारिएको जानकारी दिए।

# सद्भाव र्‍यालीपछि जनकपुरधामको कर्फ्यु हट्यो




दैनिक समाचारदाता
जनकपुरधाम, १६ साउन । पछिल्ला केही दिनदेखि तनाव, प्रदर्शन र कर्फ्युको अवस्थाबाट प्रभावित जनकपुरधाममा शनिबार बृहत् सद्भाव र्‍याली आयोजना गरिएको छ। ‘हिन्दु-मुस्लिम भाइ-भाइ’ र ‘राष्ट्रिय एकता जिन्दावाद’ लगायतका नारासहित निकालिएको र्‍याली सम्पन्न भएको केहीबेरमै धनुषा जिल्ला प्रशासन कार्यालयले कर्फ्यु हटाएको छ।

जिल्ला प्रशासन कार्यालयले शनिबार बिहान १० बजेदेखि कर्फ्यु हटाई अर्को सूचना जारी नभएसम्मका लागि निषेधाज्ञा लागू गरेको जनाएको छ। निषेधाज्ञा लागू भएसँगै जनकपुरधामको जनजीवन क्रमशः सामान्य बन्दै गएको छ। साना सवारीसाधन सञ्चालनमा आएका छन् भने सर्वसाधारण पनि सडकमा निस्किन थालेका छन्।

जिल्ला प्रशासन कार्यालयको अगुवाइमा प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलको नेतृत्वमा जनकपुरधामस्थित रेल्वे स्टेशनबाट सुरु भएको र्‍यालीले नगरका मुख्य सडक तथा चोकहरूको परिक्रमा गरेको थियो।

र्‍यालीमा प्रतिनिधिसभा सदस्य मातृका यादव र मनिष झा, विभिन्न राजनीतिक दलका प्रतिनिधि, स्थानीय तहका जनप्रतिनिधि, नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीका अधिकारी, धार्मिक अगुवा, उद्योगी-व्यवसायी, नागरिक समाज, सञ्चारकर्मी तथा सर्वसाधारणको उल्लेखनीय सहभागिता रहेको थियो। सहभागीहरूले ‘सामाजिक एकता कायम गरौँ’ र ‘शान्ति तथा सद्भाव कायम गरौँ’ लगायतका नारामार्फत सामाजिक सहिष्णुता र धार्मिक सद्भाव सुदृढ बनाउन आग्रह गरेका थिए।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रतिनिधिसभा सदस्य मनिष झाले जनकपुरधामको पहिचान बहुजातीय, बहुभाषिक, बहुधार्मिक सहअस्तित्व र सद्भावमा आधारित रहेको उल्लेख गर्दै त्यस ऐतिहासिक विरासतको संरक्षण सबैको साझा दायित्व भएको बताए। प्रमुख जिल्ला अधिकारी लुइँटेलले मिथिला सभ्यताले सधैँ शान्ति, सहिष्णुता र सद्भावको सन्देश दिएको उल्लेख गर्दै सामाजिक एकता कायम राख्न सबैलाई संयमित र जिम्मेवार बन्न आग्रह गरे। जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले असन्तुष्टि र माग शान्तिपूर्ण तथा संवादमार्फत राख्न आन्दोलनरत पक्षसँग अपिल गरे।

यद्यपि, सद्भाव र्‍याली सम्पन्न भएको केहीबेरपछि युवाहरूको एक समूहले जनकपुरधाममा प्रदर्शन गर्दै सुनसरी र सिरहाका घटनाका दोषीमाथि निष्पक्ष छानबिन र कानुनी कारबाहीको माग गरेको थियो।

सुनसरीको देवानगञ्जमा भएको घटनापछि उत्पन्न तनावका कारण धनुषामा बिहीबारदेखि कर्फ्यु लागू गरिएको थियो। जिल्लाको शान्ति-सुरक्षा अवस्था सामान्य बनाउन जिल्ला प्रशासन कार्यालयले सर्वपक्षीय छलफलपछि सद्भाव र्‍याली आयोजना गरेको हो। साउन १० गते सुनसरीको देवानगञ्ज गाउँपालिका-३, कप्तानगञ्जमा डिजे बजाउने विषयलाई लिएर दुई समुदायबीच भएको झडपमा गोली लागेर ओमप्रकाश मेहता र जयप्रकाश मेहताको मृत्यु भएको थियो। त्यसैगरी सिरहाको गोलबजारमा प्रहरीको गोली लागेर गणेश यादवको मृत्यु भएपछि मधेशका विभिन्न जिल्लामा तनाव उत्पन्न भएको थियो। पछिल्ला घटनाक्रमलाई मध्यनजर गर्दै प्रशासनले शान्ति, सामाजिक सद्भाव र कानुनी व्यवस्था कायम राख्न सबै पक्षलाई संयमता अपनाउन तथा अफवाह र उत्तेजनात्मक गतिविधिबाट टाढा रहन आग्रह गरेको छ।

## सरकार र हिन्दुवादीसँग १३ बुन्दे सहमतिपछि वार्ता टुंगियो




जनकपुरधाम १६ साउन। जनकपुरधाममा गृहमन्त्री सुदन गुरुङ्ग र आन्दोलनकारीसँग १३ बुन्दे सहमतिपछि वार्ता टुंगिएको छ । धनुषाको जिल्ला प्रशासन कार्यालयमा हिन्दु सम्राट, विश्वहिन्दुसँग लगायतको संघ संगठन र गृहमन्त्री गुरुंगसँग एक घण्टासम्म छलफल भएको थियो । तर छलफलमा आन्दोलनकारी पक्षले आफ्नै अडानमा अडिग रहेपछि वार्ता टुंगिएको जनाइएको छ ।


आन्दोलनकारी पक्षधरले नेपाललाई हिन्दु राष्ट्र घोषणा गर्नुपर्‍यो, मृतकलाई शहीद घोषणा गर्नुपर्‍यो । लगायतको माँगमै अडिग रहेपछि एक घण्टाको लागि वार्ता स्थगित गरिएको थियो । त्यसपछि १३ बुन्दे सहमतिपछि टुंगिएको जनाइएको छ । तनावग्रस्त अवस्थालाई सामान्य बनाउने तथा धार्मिक(सामाजिक सद्भाव कायम राख्ने उद्देश्यले गृहमन्त्री गुरुङले जिल्ला प्रशासन कार्यालय धनुषामा हिन्दूवादी सङ्गठनका प्रतिनिधिसँग वार्ता सुरु गरिएको थियो । वार्तामा जिल्लाको समग्र शान्ति सुरक्षा, अमनचयन कायम राख्ने, आपसी विश्वास अभिवृद्धि गर्ने तथा दुवै पक्षबीच देखिएको असमझदारी अन्त्य गर्ने उद्देश्यले छलफल शुरु गरिएको थियो । छलफलमा जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साह, प्रतिनिधिसभा सदस्य मनिष झा, हिन्दू सम्राट सेनाका प्रतिनिधिलगायत स्थानीय सरोकारवालाको सहभागिता रहेको छ।

अब अनलाइनबाट बुकिङ्को सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

# राष्ट्रिय मामिला बिथोलिंदै, गिजोलिंदै विदेश मामिला

## सम्पादकीय

### संघीयता सुदृढ गर्ने अवसर

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थायित्व र प्रभावकारिता केवल संविधानमा व्यवस्था गरिएको संरचनाले मात्र सुनिश्चित गर्दैन, त्यसको वास्तविक परीक्षण अधिकारको बाँडफाँट, कार्यान्वयनको इच्छाशक्ति र नागरिकले महसुस गर्ने सेवा-प्रवाहबाट हुन्छ । यही सन्दर्भमा प्रधानमन्त्री बालेन्द्र शाहले आफूलाई संघीयताविरोधीका रूपमा नबुझ्न आग्रह गर्दै संघीयतालाई थप सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गर्नु सकारात्मक राजनीतिक सन्देश हो। तर यस्ता प्रतिबद्धता व्यवहारमा रूपान्तरण हुन सके मात्र त्यसले अर्थ राख्नेछ ।

सुनसरीको देवानगञ्ज घटनापछि मधेशकेन्द्रित दलका नेताहरूसँग भएको छलफलमा उठेका विषयहरू केवल एउटा घटनाको समीक्षा मात्र होइनन्, संघीय शासन प्रणालीका अपूरा पक्षहरू उजागर गर्ने बहस पनि हुन्। विशेषगरी प्रदेश सरकारसँग पर्याप्त अधिकार नहुँदा सुरक्षा, शान्ति-सुव्यवस्था र स्थानीय समस्याको समाधानमा देखिएको सीमितताले संघीयताको कार्यान्वयन अझै अधुरो रहेको स्पष्ट संकेत गर्दछ ।

नेपालको संविधानले संघीय शासन प्रणालीलाई संस्थागत गरे पनि प्रदेश सरकारहरू अझै पनि अधिकार, स्रोत र जनशक्तिको अभाव झेलिरहेका छन् । प्रदेश प्रहरी गठनको विषय संविधानमै व्यवस्था भए पनि लामो समयदेखि कार्यान्वयन हुन नसक्दा प्रदेश सरकारहरू आफ्नै अधिकार क्षेत्रमा समेत प्रभावकारी भूमिका निर्वाह गर्न असमर्थ देखिएका छन्। स्थानीय भाषा, संस्कृति र सामाजिक संरचना बुझ्ने सुरक्षा संयन्त्र भए संवेदनशील घटनाको व्यवस्थापन अझ प्रभावकारी हुन सक्ने तर्कलाई सहजै अस्वीकार गर्न सकिँदैन ।

प्रधानमन्त्रीले संघीयतालाई कमजोर पार्ने होइन, अझ बलियो बनाउने उद्देश्य रहेको बताएका छन्। यो अभिव्यक्ति स्वागतयोग्य छ। तर संघीयताको पक्षमा बोल्नु मात्र पर्याप्त हुँदैन; अधिकार हस्तान्तरण, कानुनी अवरोध हटाउने, प्रदेश प्रहरी गठन, वित्तीय स्वायत्तता र प्रशासनिक अधिकार विस्तारजस्ता विषयमा ठोस निर्णय आवश्यक हुन्छ। अन्यथा सङ्घीयता केवल राजनीतिक भाषणको विषयमा सीमित रहने खतरा रहन्छ।

त्यसैगरी, नेपाली सेनालगायत राज्यका सुरक्षा निकायमा मधेशी समुदायको समावेशी प्रतिनिधित्व बढाउनुपर्ने माग पनि गम्भीर रूपमा विचारणीय छ। राज्यका सबै संरचनामा सबै समुदायको समान सहभागिता सुनिश्चित गर्न सके मात्र समावेशी लोकतन्त्रको भावना सुदृढ हुन सक्छ। प्रतिनिधित्वको विस्तारले राज्यप्रति नागरिकको विश्वास बढाउने र राष्ट्रिय एकतालाई थप मजबुत बनाउने काम गर्दछ। अहिले देशलाई राजनीतिक आरोप-प्रत्यारोपभन्दा पनि सहकार्य र विश्वासको आवश्यकता छ। संघीयता कुनै एक दल वा सरकारको एजेन्डा होइन, संविधानले स्थापित गरेको राष्ट्रिय शासन प्रणाली हो। त्यसैले यसको सफलता सुनिश्चित गर्ने दायित्व सबै राजनीतिक शक्ति र सरकारको साझा जिम्मेवारी हो। प्रधानमन्त्रीको पछिल्लो प्रतिबद्धता अब परीक्षाको चरणमा प्रवेश गरेको छ। यदि सरकार साँच्चिकै संघीयतालाई प्रभावकारी बनाउन चाहन्छ भने प्रदेश सरकारलाई संविधानअनुसारका अधिकार तत्काल हस्तान्तरण गर्ने, प्रदेश प्रहरी गठनको प्रक्रिया अघि बढाउने र विगतका सहमतिहरू कार्यान्वयन गर्ने साहसिक निर्णय लिनुपर्छ। संघीयताको वास्तविक बल त्यसको संरचनामा होइन, कार्यान्वयनको दृढ इच्छाशक्ति र नागरिकले अनुभूत गर्ने परिणाममा निर्भर गर्दछ। यही नै अहिलेको सबैभन्दा ठूलो आवश्यकता हो ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।



झलक सुवेदी

प्रथम मौर्य सम्राट चन्द्रगुप्तको शासनशैली उनको नाममा रहेको गुप्त जस्तै गुप्त थियो भनिन्छ । उनका मन्त्री विष्णुगुप्त (चाणक्य) त झन् यस मामिलामा कठोर नै थिए । राज्यका निर्णयहरू अत्यन्त गोप्य राखिन्थे । राजाका निर्णयहरूलाई मन्त्र भनिथ्यो र मन्त्रहरू गोप्य राखिने कुरा नै भए । कार्यान्वयनका समयमा मात्र सार्वजनिक जानकारीमा आउँथे । उनका सारा निर्णयहरू अन्तिममा उनी र चाणक्यका बीच हुने सल्लाहमा निर्भर गर्थ्यो ।

भनिन्छ चाणक्य दरबार भित्र वैरीहरू घुसेर कतै चन्द्रगुप्तको हत्या नगरुन् भन्नेमा अधिक सतर्क हुन्थे । त्यही भएर सम्राट चन्द्रगुप्त हरेक दिन फरक ठाउँमा सुत्थे । पुरुषको विश्वास नभएकोले महिला सुरक्षाकर्मी लिएर हिंड्ने गर्थे । सैन्य अभियानमा र शिकारमा जाने बेला बाहेक उनी दरबारबाट बाहिर विरलै निस्कन्थे ।

यता युवा नेता बालेन्द्र शाह प्रधानमन्त्री छन् । उनी चन्द्रगुप्त मौर्यका झैं वास्तवमै आफैं शासन चलाइरहेका छन् कि उनका नाममा कोही अरूले चलाइरहेको छ भन्ने समेत थाहा पाउन मुश्किल हुन थालेको छ । धेरै मान्छेहरू के भन्छन् भने उनका सल्लाहकार कुमार व्यञ्जनकार शासनमा हावी छन् । प्रधानमन्त्री कार्यालय अहिले मन्त्रिपरिषद्को सचिवालय भन्दा बढी प्रहरीको केरकार अड्डा जस्तो बनेको छ भनिन्छ । त्यहाँ सामान्यतया ‘हान्ने, ठोक्ने र खुट्टा भाँच्ने’ भाषा बढी प्रयोग हुन्छ भन्ने गसिप फैलिएको छ ।

कसैलाई पक्राउ गर्नुपर्‍यो भने प्रहरीका हाकिमलाई प्रधानमन्त्री कार्यालयमै बोलाएर एउटा गोलीलाई कति पर्छ भनेर मोल सोध्ने र फलानालाई एउटा गोली खर्च गर्नुपर्‍यो भनेर आदेश दिने गरेको समेत सचिवालयकै मान्छेहरूबाट बाहिरसम्म पुग्छ । प्रेम राई र अमृत राईहरू माथिको कहरको के कुरागराइ भो र ?

हिन्दु आर्य दर्शन परम्परामा हरेक शब्दलाई मन्त्र मानिन्छ । हरेक शब्दका आफ्नै दार्शनिक अर्थ र राजनीति हुन्छन् । अब ‘हान्ने, ठोक्ने र खुट्टा भाँच्ने’ शब्दहरूले विद्यमान सरकारको शासन शैलीलाई कुन राजनीतिक अर्थ र परिभाषा दिन्छन् त्यो तपाईं आफैं अर्थ लगाउन सक्नुहुन्छ । यस मामिलामा सुनिल लम्साल, सुधन गुरुङ, केपी खनाल लगायतले समाजसँग संवादका क्रममा प्रयोग गरेको भाषाले एउटा विरक्त लाग्दो नेतृत्व शून्यता अनुभव गराइरहेको छ ।

राज्यमा संकट आइलाग्दा समेत प्रधानमन्त्री छन् कि छैनन् भन्ने थाहा पाउन मुश्किल छ । देशमा आगो लागिरहेको बेला गृहमन्त्री भूमिकामा देखा पर्दैनन् । राजा प्रताप मल्ल सबै प्रजाको घरको धुरीमा धुवाँ देखेपछि मात्र आफू खान्थे रे अहिलेका प्रधानमन्त्री सबै प्रजाहरू सुतिसकेपछि मात्रै एकाएक फेसबुक पेजमा देखापर्छन् ।

सुनसरीमा दुई समुदायका बीच उत्पन्न विवाद समाधान गर्न राजनीतिक पहल नगरी बल प्रयोग गर्दा एक जनाको ज्यान जाने र धेरै घाइते हुने अवस्था आएपछि उत्पन्न समस्याका समयमा प्रधानमन्त्री र गृहमन्त्री आफैं घटनास्थल जान, समुदायसँग संवाद गर्न र आम जनतालाई सम्बोधन गर्नबाट तर्केको घटनाले समाजलाई भयग्रस्त बनाउन मद्दत गरेको छ । देशमा नेतृत्व विहीनता देखापरेको छ । पुराना दलसँग भुइँतहका जनतासँग संवाद गर्न आवश्यक समर्थन प्राप्त छैन, सबैभन्दा बढी मत पाएको रास्वपामा यस्तो संकट व्यवस्थापनमा भूमिका खेल्ने स्थानीय संगठन र नेतृत्व दुवै देखिन्न ।

सरकारको यो कार्यशैली आन्तरिक नीतिहरूमा मात्र सीमित छैन बरु विदेश नीतिमा समेत विस्तारित भएको छ । जस्तो कि प्रधानमन्त्रीले भारतीय विदेश सचिव (भारतीय प्रधानमन्त्रीका विशेष दूत)लाई भेट्न अस्वीकार गरे र भारतलाई चिढ्याउने काम गरे । उनैका सल्लाहकार परराष्ट्र मन्त्रालयलाई वाइपास गरेर ब्रिटिश दूतावासमा एउटा डकुमेन्ट माग्न जान्छन् । गोप्य रूपमा दिल्ली पुगेर उताका गुप्तचर विभागका कर्मचारीलाई भेटेर फर्कन्छन् । प्रधानमन्त्रीको विशेष दूत दिल्ली गएको नेपाली दूतावासलाई समेत थाहा दिइँदैन । अर्को एउटा मित्रराष्ट्रका दूत त केरकार कक्षमा झपाराई खान्छन् । र सरकारले सामान्य विधि पनि पन्छाएर कूटनीति समेत जोडिएका पक्षसँग ठेक्कापट्टामा हात हालेर आफ्नै कर्मचारी थुनाउँछ । यी घटनाका कारण नेपाली विदेश नीतिले बाटो बिराउँदै गएको चर्चा हुन थालेको छ ।

### *तिब्बत मामिलामा खेलाँची*

नेपाल सरकारलाई आफ्नै संस्थागत स्मृतिहरूको बारेमा पनि ख्याल हुनुपर्ने हो । कमसेकम वि.सं. १८२५ मा पृथ्वीनारायण शाहले काठमाडौं जितेयता नेपालले आफ्नो अस्तित्व रक्षाका लागि लागू गरेका नीतिहरूको अभिलेख सुरक्षित छन् । पृथ्वीनारायण शाह, बहादुर शाह, भीमसेन थापा, जंगबहादुर राणा, वीरशमशेर र चन्द्रशमशेरको कालखण्डका अनुभवहरू छन् । २००७ पछि बीपी कोइराला, राजाहरू महेन्द्र र वीरेन्द्र, नेताहरू कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, पुष्पकमल दाहाल र केपी शर्मा ओलीले लिएका नीति र त्यसका गुण-दोषहरूको समीक्षा गर्ने दस्तावेज र अभिलेख छन् ।

हामीलाई अनेक घञ्चमञ्च सहेर पनि बचाइरहेका तिनै नीतिहरूले हो । तर, बालेन सरकारका पछिल्ला गतिविधिहरू यी सबै मेमोरीहरूलाई एकातिर फालेर अल्पकालीन राजनीतिक स्वार्थ अनुकूल हिंड्न खोजेको जस्तो देखिन्छ । खासगरी भारत र चीनका मामिलामा लिइने नीतिहरूको दूरगामी प्रभावका विषयमा आवश्यक संवेदनशीलता नअपनाइएको स्पष्ट भएको छ । अन्यथा काठमाडौंमा भारतीय या कुनै पनि देशका राजदूतसँग अलग नभेट्ने र प्रोटोकल ख्याल गर्ने प्रधानमन्त्रीले सुटुक्क परराष्ट्र मन्त्रालयलाई वाइपास गरेर भारतमा दूत पठाउने थिएनन् ।

पछिल्लो समय नेपालमा तिब्बत मामिला फेरि चर्चामा छ । साउन १३ गते अनलाइनखबरमा प्रकाशित समाचार अनुसार नेपालमा हुन लागेको इन्टरनेशनल एसोसिएसन फर टिबेटन स्टडिज (आईएटीएस) को सम्मेलनमा तिब्बती केन्द्रीय सरकारको नाममा दलाई लामा समर्थक समूहको सहभागिताको विषयलाई लिएर चीनले चासो देखाएको छ । कूटनीतिमा चासो सामान्य भाषामा व्यक्त गरिएला तर त्यसका सन्दर्भ र समय अनुसारका संकेतहरू हुन्छन् । काठमाडौं विश्वविद्यालय पनि आयोजक रहेको उक्त कार्यक्रमको सहआयोजक संस्था आईएटीएस एकेडेमिक व्यक्तित्वहरूबाट बनेको देखिन्छ । कार्यक्रम आयोजक संस्थामा स्वयं चिनियाँ प्रोफेसरहरू पनि भएकोले कार्यक्रम आयोजनका विषयमा चीनको कुनै समस्या अवश्य नहुनुपर्ने ।

कार्यक्रममा तिब्बतियन सेन्ट्रल गभर्मेन्ट भनिने पृथक् तिब्बतका लागि लडिरहेको दलाई लामा समर्थित संस्थाका प्रतिनिधिहरू पनि सहभागी हुने कार्यक्रम रहेकोले चीनले चासो देखाएको बताइएको छ । चीनको चासोपछि उक्त संस्थाले औपचारिक सहभागिता नजनाउने बताए पनि यसबाट उत्पन्न तनाव साम्य भइसकेको देखिन्न ।

यो घटना सतहमा हेर्दा सामान्य भए पनि यसलाई गत वर्ष भएको जेनजी आन्दोलनपछि बनेका सरकारले लिएका नीतिका कारण चीनसँगको सम्बन्धमा देखापरेको समस्याको पछिल्लो कडीका रूपमा लिनुपर्ने हुन्छ ।

जेनजी आन्दोलनको बेला सडकमा पहिले नाम नसुनिएको टीओबी समूहले प्रदर्शनलाई अराजकतातिर लैजान खेलेको भूमिका यसको आरम्भ विन्दु थियो । उनीहरूको सहभागिता संयोग मात्र थिएन । सुशीला कार्की प्रधानमन्त्री भएपछि दलाई लामाको बधाई आउनु र टीओबीको जत्थामाथि कारबाही नहुनुले स्पष्ट पारेकै थिए । केही महिनापछि नेपाल आएका रिन्पोछेको स्वागत र उच्चस्तरीय सुरक्षामा सरकारी अधिकारी खटिनु, लगत्तै प्रधानमन्त्री बालेनलाई पनि दलाई लामा र उनको प्रवासी सरकारले बधाई पठाउनुले नेपाललाई तिब्बत मामिलाको केन्द्रविन्दु बनाउन भइरहेका प्रयासतिर संकेत गर्छन् ।

हालै प्रवासी तिब्बती धार्मिक नेता दलाई लामा (तेन्जिन ग्यात्सो)को जन्मदिन नेपालमा पनि मनाइयो । उनीप्रति आस्था राख्नेहरूले जन्मदिन मनाउनु, सम्मान गर्नु स्वाभाविक नै हो । तर यस्तो जन्मदिन मनाउँदा त्यसलाई व्यक्तिगत या पारिवारिक तथा समुदायगत आस्थाका तहसम्म सीमित राखियोस् र नेपाल र चीनका बीच तनाव हुने कुरा नआओस् भन्नेमा भने सरकार चनाखो हुनैपर्थ्यो ।

गृह प्रशासनले जन्मदिन मनाउन दिने औपचारिक निर्णय गरेर पहिलो पटक नेपाल सरकार यो मामिलामा प्रत्यक्ष संलग्न भएको छ । तिब्बती शरणार्थीले सञ्चालन गरेको कथित तिब्बती सरकारको काठमाडौंस्थित कार्यालयले यो कार्यक्रमको संयोजन गरेको भनेर टिबेटडटनेटको फेसबुक पेजमा ८ जुलाइमा एउटा स्टाटस राखिएको छ । त्यसमा नेपालस्थित वरिष्ठ कूटनीतिज्ञहरूको उपस्थिति देखाउने तस्वीरहरू पनि छन् ।

तिब्बती समुदायले आफूभित्र सीमित रहेर जन्मदिन मनाउनुको साटो अमेरिकी, फ्रेन्च, ईयु र अष्ट्रेलियन कूटनीतिक समुदायको उपस्थितिमा कार्यक्रम गर्नु संयोग मात्र थिएन । यसको अर्थ यो केवल आस्था र सम्मानका लागि मनाइएको जन्मदिन थिएन भन्ने नै लाग्छ । यस्ता अपरेशनहरू कसरी आवरणमा अर्कै कुरा देखाएर सञ्चालन गरिन्छन् र नेपालको भूमिलाई कसरी चीनमाथि आक्रमण गर्न प्रयोग गरिएको थियो भन्नेबारे हामी जानकार नै छौं ।

दलाई लामा धर्मगुरु त हुन् तर राजनीतिक व्यक्तित्व पनि हुन् र चीनको परिभाषामा पृथकतावादी नेता हुन् । शरणार्थीहरू र दलाई लामा राजनीतिमा मात्र होइन हिंसात्मक लडाइँमा पनि सामेल हुने गरेको इतिहासको नेपाल आफैं भुक्तभोगी हो । सीआईए, भारत र दलाई लामा मिलेर नेपालको मुस्ताङ तथा मनाङ र गोरखाका उत्तरी भेगलाई आधार बनाएर सन् १९६१ देखि १९७४ सम्म चीनका विरुद्ध सशस्त्र कारबाही गर्दा उत्पन्न तनाव पुरानो भएको छैन ।

महेन्द्रको मृत्युपछि राजा भएका वीरेन्द्रले चीनको दबाब पछि नेपाली सेना परिचालन गरेर उनीहरूलाई निशस्त्र पारिएको थियो । कमाण्डर गे वाङ्दी नेपाली सेनाको एम्बुसमा परेर १५ सेप्टेम्बर १९७४ मा टिंकर भञ्ज्याङ क्षेत्रमा मारिएपछि मात्र यो हिंसा थामिएको थियो । यो ५० वर्ष अघिको घटना र अहिलेका गतिविधिहरू अन्तरसम्बन्धित छन् । तिब्बत सेन्ट्रल गभर्मेन्टले आयोजना गरेको र कूटनीतिक समुदाय सहभागी भएको उक्त कार्यक्रमलाई केवल आस्था र सम्मानको विषय भनेर कसैले पनि मान्न सक्दैन । यसले नेपाल-चीन सम्बन्धमा ल्याउन सक्ने समस्या बारे सरकार बेखबर रहेको जस्तो छ ।

चीन के चाहन्छ या दलाई लामा के चाहन्छन् त्यो उनीहरूको मामिला हो । हामी मुछिनुहुँदैन, नेपाललाई कसैको हित-अहितमा प्रयोग हुन दिनुहुँदैन हाम्रो चासो यत्ति हो । र उतिबेला भन्दा फरक यसपालि नेपाल सरकार आफैं यो अपरेशनको सहयोगी बन्न थालेको आभास मिल्छ । यो आलेखको चासो पनि त्यति मात्र हो ।

### *भत्कँदो विश्व व्यवस्था*

ट्रम्पको उदयसँगै दोस्रो विश्वयुद्धपछि स्थापित विश्व सम्बन्धलाई निर्देशित गर्ने कुनै मानक, मूल्यप्रणाली, नियामक निकाय र संस्थाहरू प्रभावकारी रहेनन् । विश्वको शक्ति-सन्तुलनमा आउँदै गरेको फेरबदलको यो संक्रमणकालमा हरेक देशले आफ्नो सुरक्षाको रणनीति आफैं तय गर्ने हो । कमजोर देशलाई शक्तिशालीहरूको दयामा बाँच्नुपर्ने बनाइँदै गरेको कुरा भेनेजुएला, लेवनान र युक्रेन साक्षी छन् ।

अमेरिका वर्चस्व रक्षाको संकटमा छ । केही राजनीतिक विश्लेषक र इतिहासकारहरू अमेरिका गृहयुद्धमा फस्ने सम्भावना रहेको समेत बताउन थालेका छन् । त्यहाँको खर्बपतिहरूको वर्ग फासीवादतिर झुक्दै गएको छ (इलन मस्क र एन्थ्रोपिकको डारियो अमोदेइ) । त्यसले आफ्नो वर्चस्वको रक्षाका लागि सबैखाले अपराधहरू सहजै गर्नेछ र यसका लागि पहिले जस्तो मानवअधिकार, प्रजातन्त्र र विश्वशान्तिको पर्दा समेत हालिने छैन ।

यसको अर्थ हो नेपालमा कसैबाट हस्तक्षेप भयो भने हारगुहार गर्न जाने कुनै अड्डा र संस्था छैनन् । अहिलेसम्म जुन कूटनीतिक क्षमताका आधारमा यसको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको रक्षा हुनसकेको थियो त्यो क्षमता भने हामीसँग छ । खाँचो त्यसलाई चलाउने चातुर्यता र इतिहास चेतको हो । जब शासकीय जिम्मेवारीमा रहेकाहरू इतिहास चेत विहीन हुन्छन् र संस्थागत स्मृतिको बेवास्ता गर्न थालिन्छ, अनि कूटनीतिक दाउपेचहरू पनि काम लाग्दैनन् ।

### *दलाई लामाको उत्तराधिकारीको प्रश्न*

तिब्बती मामिलालाई कतै न कतै बल्झाइरहने र चीनका विपक्षमा प्रयोग गर्ने अमेरिकी र भारतीय चाहना लुकेको विषय होइन । यसका लागि उनीहरू परेको बेला नेपाललाई पनि धोका दिन्छन् भन्ने कुरा हाम्रै अनुभवले सिकाएका छन् । विश्वव्यापी रूपमा चीन र अमेरिकाका बीच शक्तिसंघर्ष चलिरहेको सन्दर्भमा यो मामिलालाई बल्झाइँदैछ । यही कारण नेपालमा अमेरिका र चीनका बीच छद्मयुद्ध छ भन्ने कुरा लुकाइरहनु

बाँकी पृष्ठ ३मा

## राष्ट्रिय....................

पर्दैन । एमसीसी प्रकरणमा वासिङ्टन र बेइजिङका बीच भएको बाझाबाझ स्मरणमा ताजै छ । हाम्रो रणनीतिक हित र राष्ट्रिय स्वार्थ उनीहरूका स्वार्थमा नफस्नु हो । जब उनीहरू हाम्रो आन्तरिक मामिलामा आफ्ना स्वार्थ मिसाउन प्रवेश गर्छन् त्यतिबेला आफ्नो स्वार्थ आफैं रक्षा गर्नुपर्छ, चीन र अमेरिका हाम्रो स्वार्थ रक्षा गर्न यहाँ आउँदैनन् ।

यसको सबैभन्दा ठूलो प्रयोग दलाई लामाको कथित पुनर्जन्म लिएर आउने भनिएको काल्पनिक पुरुष बालकको मामिलालाई बनाइँदैछ । निर्वाण प्राप्त गर्नेहरू फेरि जन्मँदैनन् भन्ने अनात्मावादी बुद्धका मत विपरितको यो परम्परालाई बेवास्ता गर्न चीनलाई पनि गाह्रो छ । दलाई लामाको नाममा नयाँ उत्तराधिकारी बनाउन चीनले पनि तयारी गर्नेछ, पञ्चेन लामाका घटनाहरूले यसलाई पुष्टि गर्छन् । यता अमेरिकी र भारतीयहरू पनि दलाई लामा र तिब्बती शरणार्थीलाई उपयोग गरेर नयाँ दलाई लामा नेपालमा जन्माउन खोजिरहेका छन् । भारत आफ्नै देशमा दलाई लामा जन्माएर चीनसँगको व्यापारिक स्वार्थमा जोखिम मोल्न चाहँदैन । तिब्बतमा कसैलाई उत्तराधिकारी बनाउन दलाई लामालाई सम्भव छैन । त्यसैले उनीहरू लगातार नेपालमा त्यसको लागि वातावरण बनाउन सक्रिय छन् । ऐतिहासिक कालदेखि बुद्ध धर्म, तिब्बतियन लामावाद र सीमावर्ती तिब्बती मूलको नेपाली समुदायका बीचको सम्बन्ध तथा तिब्बती शरणार्थीको उपस्थिति यसका लागि उपयोग गरिन सक्छन् ।

यदि तेन्जिन ग्यात्सोको नयाँ अवतार नेपालमै तोकियो भने चीन यसका विपक्षमा उभिने र नेपालले त्यसको जवाफ दिनुपर्नेछ । यो सामान्य विश्वासको निरन्तरताको प्रश्न होइन । अर्को देशमा दलाई लामाको उत्तराधिकारी जन्माउने राजनीति भएमा नेपालले त्यसका प्रति टाउको दुःखाउनु पनि पर्ने थिएन । हाम्रो चासो चीनको सुरक्षा, उसका स्वार्थहरू होइनन् । हाम्रा आफ्ना स्वार्थ रक्षाका सीमासम्म मात्र चासो रहने हो ।

नेपालमा दलाई लामाको अफिस रहनु, दलाई लामाको जन्मदिन राजनीतिक समारोहका रूपमा मनाइनु, अमेरिकी धुरीका देशका कूटनीतिज्ञहरू सामेल हुनु र चलखेल बढ्दै जानु नेपालको राष्ट्रिय स्वार्थ र सुरक्षा रणनीतिलाई प्रत्यक्ष रूपमा नकारात्मक प्रभाव पार्ने विषय हुन् । वर्तमान सरकारको नीति अमेरिकीहरूको योजनालाई सहयोग पुग्ने गरी झुक्दै गएको देखिनुले नेपाल लामो र कष्टसाध्य छद्म युद्धको मैदान बन्ने सम्भावनालाई निकट ल्याइदिएका छन् । दलाई लामाको जन्मदिन मनाउने विषयभित्र लुकेको यो राजनीति नेपालको युक्रेनीकरणको कारण नबनोस् भनेर सचेत हुनैपर्छ ।

*केही अशुभ संकेत*

प्रेम र कूटनीतिमा बोलेर मात्र होइन नबोलेर पनि धेरै कुरा भनिन्छन् । चीन भ्रमणमा रहेका हाम्रा मन्त्री शिशिर खनालसँग सँगै खाना खाने बेलामा उनको पिता पुस्ताका अनुभवी चिनियाँ विदेशमन्त्री वाङ यीले टाढाको आफन्त र नजिकको छिमेकीको महत्वको दूरीबारे यतिकै सम्झाए होलान् भन्ने ठान्नु अज्ञानता मात्र हुनेछ ।

ठिक यति नै बेला, मधेशमा साम्प्रदायिक तनाव बढेको छ । सुनसरीको एउटा गाउँबाट शुरु भएको यो तनाव विस्तारै मन्दविष झैं पश्चिमतिर फैलिने जोखिम देखिएको छ । यो एक्कासी भएको घटना होइन, तयारी लामो समयदेखि भइरहेको थियो । सुरक्षा निकायका प्रतिवेदन, नागरिक समाज र सञ्चारमाध्यमले पहिले नै यस्तो जोखिमतिर संकेत गरिसकेकै थिए ।

केही दिन पहिले प्रहरी महानिरीक्षकले सीमापारिबाट भइरहेका घुसपैठको कुरा गरेका थिए । त्यहाँ दक्षिण एशियाली भूराजनीतिक संघर्षका पक्षहरू खासगरी भारत-पाक तनावका प्रभाव कति जोडिएका छन् भन्ने पनि हेक्का राख्नु जरूरी छ । यहाँ भइरहेको चलखेल एकपक्षीय छैन । लामो समयदेखि मधेशमा सीमापारिबाट हिन्दु राजनीतिक संगठनहरूले संस्थागत रूपमा धार्मिक अतिवाद फैलाउन प्रयास गरिरहेका छन् । नेपालमा बकाइदा कार्यालय नै खोलेर १२ वटाभन्दा बढी संस्थाहरूलाई स्रोत तथा साधन उपलब्ध गराउँदै संगठन गरिएको छ । समाजलाई विभाजित गर्ने र हिंसाको बलमा अर्को समुदायलाई विस्थापित गर्ने गरी भइरहेको यो नेपाल विरोधी षड्यन्त्र शान्तिसुरक्षाको या आन्तरिक प्रश्न मात्र होइन । हामीले सामना गर्दै गरेको भूराजनीतिक व्यूहको एउटा पाटो पनि हो । प्रतिजासूसी संयन्त्र नहुनु र भएको गुप्तचर संस्था र सुरक्षा निकायहरूको समेत राम्ररी परिचालन नहुनु अर्को समस्या रहेको छ ।

तिब्बत मामिलामा चीनको संवेदनशीलता जोडिएको छ । हिन्दु राजनीतिमा आरएसएस र भाजपाको अखण्ड भारतको सपना । पोहोर भदौ २४ वरपरबाट नेपालको राष्ट्रिय एकता खलबलिएको छ । राष्ट्रिय सुरक्षा रणनीतिसँग सम्बन्धित राज्यका दृष्टिकोण र प्राथमिकता के हुन् भन्ने कुरा अलमलमा परेको छ । यस्तो बेला हाम्रो राष्ट्रिय एकता कमजोर बनाउन भइरहेका प्रयास र बाह्य संलग्नतालाई निषेध नगर्ने हो भने हामी थप कमजोर बन्दै आर्थिक समृद्धिका लक्ष्यहरूबाट पछि धकेलिने छौं ।

शिशिर खनाललाई प्रधानमन्त्रीको सचिवालयबाट आफ्नो कार्यक्षेत्रभित्र हुने हस्तक्षेपसँग जुध्दै ठिक्क छ । गत असोजदेखि महत्वपूर्ण दूतावासहरू नेतृत्वविहीन छन् । सरकार गठन भएको चार महिना भन्दा बढी हुँदा पनि नयाँ राजदूत नियुक्तिको प्रक्रिया अघि बढेको छैन । दिल्ली, बेइजिङ र वासिङ्टन हाम्रा मुख्य साझेदारहरू पनि हुन् । आर्थिक हितहरूकै रक्षाका लागि पनि यी देशहरूलाई राजदूतविहीन राख्नु लापरवाहको हद छोएको कुरा हो ।

विदेश सम्बन्धको जटिलतासँगको खेलबाडले अनुत्तरदायी कोटरीमा एकछिन रमाइलो त होला तर देशलाई यसबाट हुने दीर्घकालीन घात सहन मुश्किल पर्नेछ । साभार: अनलाइनखबरडटकम

# सेउटा संकट : युरोपको सपना किन केही घण्टामै टुट्यो ?

एजेन्सी

बार्सिलोना १६ साउन । युरोपमा नयाँ जीवनको सपना बोकेर समुद्र तरेका हजारौं आप्रवासी केही घण्टामै निराश हुँदै मोरक्को फर्किन बाध्य भएका छन्। स्पेनको स्वायत्त सहर सेउटामा देखिएको यो अभूतपूर्व आप्रवासी संकटले सामाजिक सञ्जालमा फैलिएको भ्रम, मानव तस्करीको जालो, आर्थिक निराशा र युरोपको आप्रवासन नीतिमाथि गम्भीर प्रश्न खडा गरेको छ।



अन्तर्राष्टिूय समाचार संस्था रोयटर्सका अनुसार मोरक्कोका एक युवाले भने, “म किन आएँ भन्ने पनि थाहा छैन। हिजो दिउँसोदेखि केही खाएको छैन। पैसा ल्याएको थिएँ, तर पनि खाना पाइएन। अब फर्किंदै छु।” यो भनाइले युरोप पुग्ने हजारौं आप्रवासीले भोगेको यथार्थ उजागर गर्छ।

*५० हजार प्रवेश, ४८ हजारभन्दा बढी फिर्ता*

स्पेनको गृह मन्त्रालयका अनुसार बिहीबार बिहानदेखि सुरु भएको आप्रवासी लहरमा करिब ५० हजार मानिस सेउटा प्रवेश गरेका थिए। तर शुक्रबार साँझसम्म ४८ हजार ३ सयभन्दा बढी मानिस स्वेच्छाले मोरक्को फर्किएका छन्। हाल सेउटामा दुई हजारभन्दा कम आप्रवासी बाँकी रहेको स्पेन सरकारले जनाएको छ।

*युरोप पुगेर पनि किन टिक्न सकेनन?*

स्पेनी दैनिक ला भान्गार्डियाका अनुसार पहिलो दिनको उत्साह दोस्रो दिनसम्म आइपुग्दा निराशामा बदलिएको थियो। अस्थायी आप्रवासी केन्द्र भरिएपछि सयौं मानिस पार्क, समुद्री किनार र खुला स्थानमा रात बिताउन बाध्य भए। नयाँ आउनेका लागि न पर्याप्त बसोबासको व्यवस्था थियो, न खानाको।

मोरक्कोकी अमिना नामकी महिलाले करिब एक घण्टा पौडी खेलेर सेउटा पुगे पनि खाना किन्न जाँदा अधिकांश पसल बन्द भेटिएको बताइन्। सम्भावित लुटपाटको डरले व्यापारीहरूले पसल बन्द गरेपछि उनले पनि फर्किने निर्णय गरिन्।

रोयटर्ससँग कुरा गरेका २० वर्षीय अयमानले पाँच घण्टा पौडी खेलेर स्पेन पुगे पनि त्यहाँ खानासमेत नपाएपछि फर्किनुपरेको अनुभव सुनाएका छन्।

*सामाजिक सञ्जालको भ्रम र तस्करको जालो*

रोयटर्सका अनुसार इन्स्टाग्राम तथा अन्य सामाजिक सञ्जालमा ‘सेउटाको सीमा खुला छ’ र ‘अहिले स्पेन प्रवेश गर्न सजिलो छ’ भन्ने सन्देश तीव्र रूपमा फैलिएको थियो। यही भ्रमका कारण हजारौं युवा केही घण्टामै समुद्र पार गर्न तयार भएका थिए।

स्पेन सरकारले भने यसका पछाडि अन्तर्राष्टिूय मानव तस्करी सञ्जाल सक्रिय रहेको दाबी गरेको छ। मन्त्रालयका अनुसार स्पेनको सर्वोच्च अदालतको एउटा निर्णयलाई तस्करहरूले गलत रूपमा प्रचार गर्दै ‘अहिले युरोप प्रवेश सहज भएको’ भन्ने भ्रम फैलाएका थिए। तर रोयटर्सका अनुसार बेरोजगारी, बढ्दो महँगी, आर्थिक संकट र युरोपमा राम्रो भविष्यको आशा पनि युवाहरूलाई जोखिमपूर्ण यात्रा गर्न बाध्य बनाउने मुख्य कारण हुन्।

*सीमा क्षेत्रमा कडा सुरक्षा*

पहिलो दिन ठूलो संख्यामा मानिस प्रवेश गरेपछि शुक्रबारदेखि मोरक्कोले सीमा क्षेत्रमा सुरक्षा कडा बनाएको छ। रोयटर्सका अनुसार दंगा नियन्त्रण प्रहरीले अश्रुग्यास, पानीको फोहोरा र लाठी प्रयोग गरी भीड नियन्त्रण गरेको थियो। स्पेनले पनि सेना, राष्टिूय प्रहरी, गार्डिया सिभिल र उद्धार टोलीको संख्या उल्लेखनीय रूपमा बढाएको छ। सीमा क्षेत्रमा एकातिर अझै स्पेन प्रवेश गर्ने प्रयास जारी थियो भने अर्कोतिर सयौं मानिस मोरक्को फर्किने लाममा देखिएका थिए।

*मृत्यु संख्या ५७ पुग्यो*

स्पेनी दैनिक एल पाइसका अनुसार सेउटा संकटमा मृत्यु हुनेको संख्या ५७ पुगेको छ। यसलाई स्पेनको सीमामा पछिल्ला वर्षहरूकै सबैभन्दा घातक आप्रवासी घटनामध्ये एक मानिएको छ ।

*युरोपभर राजनीतिक बहस*

घटनापछि इटालीले स्पेनबाट आउने हवाई तथा समुद्री यात्रुमाथि एक महिनाका लागि अनियमित सीमा जाँच पुनः लागू गर्ने निर्णय गरेको छ। त्यसको जवाफमा स्पेनका परराष्टूमन्त्री होसे मानुएल अल्बारेसले शेन्जेन क्षेत्र सुरक्षित रहेको बताउँदै भ्रम फैलाउने प्रयास नगर्न आग्रह गरेका छन्।

फ्रान्सले पनि स्पेनसँगको सीमामा सुरक्षाकर्मीको संख्या उल्लेखनीय रूपमा बढाउने निर्णय गरेको छ ।

स्पेनका प्रधानमन्त्री पेद्रो सान्चेजले भने सामाजिक सञ्जाल एक्समार्फत युरोपेली सीमा तथा तटरक्षक निकाय फ्रोन्टेक्सको तथ्यांक सार्वजनिक गर्दै तथ्य र सहकार्यमा आधारित आप्रवासन नीतिको पक्षमा उभिएका छन्। उनले युरोपेली संघलाई विभाजनभन्दा एकतामा जोड दिनुपर्ने बताएका छन् ।

यसैबीच, अमेरिकी राष्टूपति डोनाल्ड टूम्पले पनि सेउटाको घटनालाई अमेरिकाको आप्रवासन बहससँग जोड्दै टिप्पणी गरेका छन्। उनले स्पेनको अवस्थालाई उदाहरण दिँदै गलत नीति अपनाइए अमेरिकाले पनि यस्तै संकट व्यहोर्नुपर्ने चेतावनी दिएका छन् ।

सेउटा संकटले युरोपतर्फको अनियमित आप्रवासन केवल सीमा सुरक्षाको मुद्दा नभई आर्थिक असमानता, सामाजिक सञ्जालमा फैलिने भ्रम, मानव तस्करी र अन्तर्राष्टिूय राजनीतिको जटिल अन्तरसम्बन्धसँग जोडिएको विषय भएको पुनः स्पष्ट पारेको छ ।

# अमेरिकामा एफ-३५बी लडाकु विमान दुर्घटनाग्रस्त

काठमाडौं १६ साउन । अमेरिकाको क्यालिफोर्निया राज्यस्थित स्यान डिएगोमा शुक्रबार बिहान अमेरिकी मरिन कर्प्सको एफ(३५बी लडाकु विमान (फाइटर जेट) मिरमार एयर बेस नजिकै दुर्घटनाग्रस्त भएको छ।

दुर्घटनापछि विमानमा लागेको आगो दमकलकर्मीले नियन्त्रणमा लिएका छन्। मरिन कर्प्सका अनुसार पाइलटले समयमै ‘इजेक्ट’ गरी सुरक्षित रूपमा विमानबाट बाहिर निस्कन सफल भएका थिए। सामान्य चोट लागेका उनलाई उपचारका लागि अस्पताल भर्ना गरिएको छ।

अमेरिकी अधिकारीहरूले घटनालाई ‘क्लास ए मिसह्याप’ घोषणा गरेका छन्, जुन सैन्य विमान दुर्घटनाको सबैभन्दा गम्भीर श्रेणी मानिन्छ। यस्तो श्रेणीमा विमान पूर्ण रूपमा नष्ट हुने, २० लाख अमेरिकी डलरभन्दा बढीको क्षति हुने वा सैन्य कर्मचारीको मृत्यु हुने अवस्था समावेश हुन्छ। एफ(३५बी लडाकु विमानको अनुमानित मूल्य करिब १०९ मिलियन अमेरिकी डलर रहेको बताइएको छ।



किन विशेष छ एफ(३५बी?

एफ(३५बी विश्वकै अत्याधुनिक ‘स्टेल्थ’ लडाकु विमानमध्ये एक हो, जसले राडारबाट सजिलै पत्ता नलाग्ने क्षमता राख्छ। यसको प्रमुख विशेषता छोटो दूरीबाट उडान भर्न सक्नु र हेलिकप्टरझैं ठाडो रूपमा अवतरण (भर्टिकल ल्यान्डिङ) गर्न सक्नु हो।

यस विमानको प्रयोग अमेरिकी मरिन कर्प्स, नौसेना र वायुसेनाले गर्दै आएका छन्।

पछिल्लो एक महिनायता अमेरिकी मरिन कर्प्सको एफ(३५बीसँग सम्बन्धित यो दोस्रो ठूलो दुर्घटना हो। यसअघि पनि वासिङ्टन राज्यमा यस्तै प्रकारको एउटा एफ(३५बी विमान दुर्घटनाग्रस्त भएको थियो। घटनाको कारण खुल्न बाँकी र हेकाले सम्बन्धित निकायले विस्तृत अनुसन्धान सुरु गरेको जनाएको छ।

(एजेन्सीहरूको सहयोगमा)

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर

# हिमालका ‘निम्सदाइ’को अन्तिम आरोहण



काठमाडौँ १६ साउन । विश्वका अग्ला हिमालहरूलाई जित्ने असाधारण साहस, अदम्य इच्छाशक्ति र आफ्नै सीमालाई निरन्तर चुनौती दिने निर्मल पुर्जा अब हामीमाझ रहेनन् ।

‘निम्सदाइ’का रूपमा विश्व पर्वतारोहण समुदायमा परिचित पुर्जाले सन् २०१९ मा ८,००० मिटरभन्दा अग्ला विश्वका सबै १४ हिमाल ६ महिना ६ दिनमा आरोहण गरेर पर्वतारोहणको इतिहासमा अभूतपूर्व कीर्तिमान बनाएका थिए । पूर्वगोर्खा सैनिकसमेत रहेका उनले हिमाललाई केवल आरोहण गर्ने गन्तव्यका रूपमा होइन, मानव साहस, अनुशासन र सम्भावनाको सीमा परीक्षण गर्ने मैदानका रूपमा लिए । तीव्र गति, जोखिम मोल्ने क्षमता, टोलीप्रतिको जिम्मेवारी र कठिन परिस्थितिमा पनि अघि बढ्ने उनको स्वभावले नयाँ पुस्ताका आरोहीलाई गहिरो प्रभाव पारेको थियो ।

सगरमाथा, केटु र अन्य ८,००० मिटरभन्दा अग्ला हिमालमा उनले बनाएका कीर्तिमानसँगै जोखिममा परेका आरोहीको उद्धारमा देखाएको साहसले पनि उनलाई विश्व पर्वतारोहणमा फरक पहिचान दिलायो । त्यति मात्र होइन, हिमाल आरोहणको क्षेत्रमा चिरपरिचित ब्राण्ड बनिसकेका थिए । यिनै ‘मस्ट सेलिब्रेटेट स्नो म्यान अफ आवर टाइम’को बिहिबार ब्रड पिकमा गएको घातक हिमपहिरोले उनको जीवनको आरोहणलाई नै टुंग्याइदिएको खबरले नेपाली पर्वतारोहण क्षेत्र मात्र होइन, विश्वभरको हिमालप्रेमी समुदायलाई नै स्तब्ध पारेको छ ।

### *छ महिनामा १४ वटा आठ हजार मिटरभन्दा अग्ला हिमाल चडेका पुर्जा*

पुर्जाले सन् २०१९ मा विश्वका ८ हजार मिटरभन्दा अग्ला सबै १४ हिमाल आरोहण गरेर विश्व पर्वतारोहणमा असाधारण कीर्तिमान बनाएका थिए । उनले ती १४ वटा हिमाल केवल करिब छ महिना ६दिनको अवधिमा आरोहण गरेका थिए । यसअघि १४ वटा आठ हजार मिटरभन्दा अग्ला हिमाल आरोहण गर्ने सबैभन्दा छोटो समयको कीर्तिमान करिब आठ वर्षको थियो । निर्मल पुर्जाको अभियान ‘प्रोजेक्ट पोसिबल’ नामले चिनिएको थियो । उनको यही असाधारण यात्रामा आधारित भएर ‘१४ पिक्सः नथिङ इज इम्पोसिबल’ नामको वृत्तचित्रसमेत निर्माण गरिएको छ ।

### *एभरेस्टको भिडको तस्बिरले विश्वको ध्यान खिच्यो*

सन् २०१९ को अभियानका क्रममा पुर्जाले सगरमाथाको शिखरतर्फ जाने बाटोमा आरोहीहरूको लामो लाइनको तस्वीर खिचेका थिए । सगरमाथाको चुचुरोतर्फ जाने बाटोमा आरोहीहरूको ठुलो भिड देखिएको उक्त तस्वीर सामाजिक सञ्जालमा व्यापक रूपमा भाइरल भएको थियो । त्यस तस्वीरले विश्वकै सर्वोच्च हिमालमा बढ्दो पर्वतारोहण चाप, भिडभाड र त्यसबाट उत्पन्न हुने सुरक्षासम्बन्धी जोखिमबारे अन्तर्राष्ट्रिय बहससमेत निम्त्याएको थियो ।

### *‘पहाड चढ्ने कुरा मात्र होइन, लक्ष्य पछ्याउने कुरा हो’*

पुर्जाले आफ्नो १४ हिमाल आरोहण अभियानलाई केवल पर्वतारोहणको उपलब्धिका रूपमा नभई मानिसलाई आफ्नो लक्ष्य पूरा गर्न प्रेरित गर्ने अभियानका रूपमा व्याख्या गर्दै आएका छन् । उनले यसअघि बीबीसीसँगको कुराकानीमा आफ्नो अभियानको उद्देश्य पर्वतारोहणमा मात्र सीमित नभएको बताएका थिए । उनका अनुसार मुख्य कुरा आफ्नो लक्ष्य पछ्याउनु हो । उनको २०१९ को अभियानले कठिन परिस्थितिमा पनि दृढ इच्छाशक्ति र योजनाका आधारमा असम्भवजस्तो देखिने लक्ष्य हासिल गर्न सकिने सन्देश दिएको थियो ।

### *पुर्जाले बेलायती सेनामा वर्षौं बिताए*

बेलायती नागरिकसमेत रहेका पर्वतारोही निमर्ल पुर्जाले आफ्नो जीवनको ठुलो हिस्सा बेलायतमा बिताएका छन् । उनी बेलायतका नागरिकसमेत हुन् । पुर्जा १८ वर्षको उमेरमा सन् २००३ मा बेलायती सेनामा भर्ती भएका थिए । त्यसपछि सन् २००९ मा उनी रोयल मरिन्समा आबद्ध भए । उनले आफ्ना बुबा र दाजुहरूको बाटो पछ्याएका थिए । उनका बुबा र दाजुहरू सबै गोर्खा सैनिक थिए । गोर्खा सैनिकहरू नेपाली सैनिकहरूको प्रसिद्ध समूह हुन्, जसले २०० वर्षभन्दा बढी समयदेखि बेलायती सेनामा सेवा गर्दै आएका छन् ।

बेलायती सेनामा बिताएका १६ वर्षका क्रममा पुर्जाले पर्वतारोहणप्रति विशेष रुचि विकास गरेका थिए । उनको असाधारण पर्वतारोहण उपलब्धिका लागि सन् २०१८ मा तत्कालीन बेलायती महारानी एलिजाबेथ द्वितीयबाट उनलाई एमबीई (मेम्बर अफ द अर्डर अफ तजभ ब्रिटिस इम्पायर) सम्मान प्रदान गरिएको थियो । यो उत्कृष्ट उपलब्धिका लागि प्रदान गरिने नागरिक सम्मान हो ।

दक्षिणी इङ्ल्यान्डको इस्टलेइ बरोमा रहेको नेपाली समुदायका सदस्य पुर्जालाई सन् २०२१ मा ‘अनररी फ्रिडम अफ द बरो’ सम्मान प्रदान गरिएको थियो । यो इस्टलेइ बरो काउन्सिलले प्रदान गर्न सक्ने सबैभन्दा उच्च सम्मान हो ।

### *एक हिरोको दुःखद अवसान*

पुर्जाको प्रभाव हिमालको उचाइसँगै सामाजिक सञ्जाल र लोकप्रिय संस्कृतिमा पनि फैलिएको थियो । नेटफ्लिक्सको वृत्तचित्र ‘फोर्टिन पीक्सः नथिङ इज इम्पोसिबल’ ले उनको १४ वटा ८,००० मिटरभन्दा अग्ला हिमालको आरोहण अभियानलाई विश्वभरका दर्शकमाझ पुऱ्याएपछि उनी पर्वतारोहणको सीमित घेराभन्दा बाहिर पनि चिनिने अन्तर्राष्ट्रिय सेलिब्रिटी बने । उनको विशिष्ट व्यक्तित्व, आत्मविश्वासी प्रस्तुति, साहसिक जीवनशैली र ‘असम्भव’लाई चुनौती दिने सार्वजनिक छविले उनलाई परम्परागत पर्वतारोहीभन्दा फरक बनायो । सामाजिक सञ्जालमा उनका लाखौँ फलोअर थिए र उनका आरोहण तथा उद्धारसम्बन्धी गतिविधि विश्वभरका सञ्चारमाध्यमको चासोको विषय बन्थे ।

तर उनको सेलिब्रिटी छवि केवल लोकप्रियता वा कीर्तिमानमा सीमित थिएन । हिमालमा संकटमा परेका आरोहीलाई उद्धार गर्ने अभियानमा सक्रिय भएर उनले आफ्नो चर्चालाई मानवीय जिम्मेवारीसँग जोड्ने प्रयास गरे । जोखिमपूर्ण परिस्थितिमा पनि अरूको जीवन जोगाउन अघि सर्ने उनको स्वभावले उनलाई साहसिक खेलका स्टार मात्र नभई पर्वतारोहण समुदायका प्रभावशाली व्यक्तित्वका रूपमा स्थापित गऱ्यो ।

ब्रड पिकमा गएको घातक हिमपहिरोपछि उनको आरोहण यात्रा टुंगिएको खबरले त्यसैले एउटा कीर्तिमानी पर्वतारोहीको मात्र होइन, विश्वभरका लाखौं प्रशंसकले पछ्याएको एउटा असाधारण सेलिब्रिटी व्यक्तित्वको पनि अप्रत्याशित अन्त्य भएको छ । समग्रमा भन्नुपर्दा यो एक ‘हिरो’ अर्थात ‘नायक’को अनपेक्षित र दुःखद अन्त्य हो । यद्दपि, उनका ‘साख’भने आगामी पुस्ताका आरोहीका लागि लामो समयसम्म प्रेरणाको स्रोत बनिरहनेछ ।

# मौखिक सहमतिपछि बीपी राजमार्ग सञ्चालनमा



दैनिक समाचारदाता
महोत्तरी, १६ साउन । महोत्तरीको बर्दिबास नगरपालिका(३ स्थित कालापानीमा प्रदर्शनकारीले अवरुद्ध गरेको बीपी राजमार्ग मौखिक सहमतिपछि पुनः सञ्चालनमा आएको छ ।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवका अनुसार आन्दोलनरत पक्षसँग भएको मौखिक सहमतिपछि शनिबार बिहानदेखि अवरुद्ध राजमार्ग सञ्चालनमा आएको हो ।

गत जेठ ११ गते स्थानीय बासिन्दा र वन प्रशासनबीच भएको विवादपछि स्थानीय सुकुमवासी तथा अव्यवस्थित बसोवासीले आफूहरूमाथि झुठा मुद्दा लगाइएको आरोप लगाउँदै आन्दोलन गर्दै आएका छन्।

सोही दिन साँझ कालापानीस्थित वन क्षेत्रमा रहेको बस्ती खाली गराउन सूचना जारी गर्न पुगेका वन कर्मचारीलाई स्थानीयले राति करिब १२ बजेसम्म नियन्त्रणमा राखेका थिए। घटनाका क्रममा डिभिजन वन कार्यालयको बा.२ झ २७४९ नम्बरको सरकारी गाडीमा आगजनीसमेत गरिएको थियो। त्यसपछि स्थानीय प्रशासनसँग भएको सहमतिमा घटनाको जिम्मेवारी सरकारले लिने, घाइतेहरूको उपचार राज्यले गर्ने तथा घटनामा संलग्नविरुद्ध धरपकड र मुद्दा नचलाउने सहमति भएको स्थानीयको दाबी छ। तर, पछि प्रहरीले घटनामा मुद्दा दर्ता गरी अनुसन्धान अघि बढाएपछि स्थानीय पुनः आन्दोलित बनेका हुन्।

यसै प्रकरणमा चार जनामाथि झुठा मुद्दा लगाइएको भन्दै बुधबार कालापानीमा बसेको सर्वदलीय बैठकले उनीहरू निर्दोष रहेको दाबी गर्दै तीन दिनभित्र मुद्दा फिर्ता लिन स्थानीय प्रशासनलाई अल्टिमेटम दिएको थियो।

अल्टिमेटमको अवधि शुक्रबार सकिएपछि स्थानीय सुकुमवासी तथा अव्यवस्थित बसोवासी शनिबार बिहानदेखि बीपी राजमार्ग अवरुद्ध गर्दै आन्दोलनमा उत्रिएका थिए।

राजमार्ग अवरुद्ध भएपछि प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव र जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक श्यामकुमार सारु मगर घटनास्थल पुगेर आन्दोलनरत पक्षसँग छलफल गरेका थिए। त्यसपछि भएको मौखिक सहमतिसँगै राजमार्ग पुनः सञ्चालनमा आएको प्रशासनले जनाएको छ।

# गोलबजारमा दुई घण्टा कर्फ्यू खुकुलो

दैनिक समाचारदाता
सिरहा १६ साउन । जिल्ला प्रशासन कार्यालय सिरहाले गोलबजार क्षेत्रमा जारी कर्फ्यू आदेश शनिबार दिउँसो दुई घण्टाका लागि खुकुलो बनाएको छ।

प्रशासनका अनुसार दिउँसो ३ बजेदेखि ५ बजेसम्म कर्फ्यू खुकुलो पारिएको हो। सुरक्षा अवस्थाको विश्लेषण गर्दै सर्वसाधारणलाई दैनिक उपभोग्य सामग्रीको व्यवस्थापनमा सहजता प्रदान गर्ने उद्देश्यले उक्त निर्णय गरिएको जनाएको छ।


यस अवधिमा लामो दूरीका सवारीसाधन सञ्चालनमा आवश्यक सहजीकरण गर्न सुरक्षा निकायलाई निर्देशन दिइएको छ।

यद्यपि, कर्फ्यू खुकुलो भएको समयमा पनि पाँच जनाभन्दा बढी व्यक्तिको समूहमा भेला हुन नपाइने प्रशासनले स्पष्ट पारेको छ।

सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलद्वारा जारी सूचनामा कर्फ्यू आंशिक रूपमा खुला गरिए पनि शान्ति(सुरक्षा कायम राख्न सबै नागरिकलाई संयमित र जिम्मेवार व्यवहार गर्न आग्रह गरिएको छ।

यसअघि जिल्ला प्रशासन कार्यालयले लहान क्षेत्रमा जारी कर्फ्यू आदेश भने हटाइसकेको थियो।

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

“आजको सही निर्णय, भोलिको सफल भविष्य”

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४